# आ.व. २०८०/८१ को मौद्रिक नीतिमा

# निजी क्षेत्रको सुझाव

नेपाल उद्योग वाणिज्य महासंघ

नेपाल उद्योग परिसंघ

नेपाल चेम्बर अफ कमर्स

# आ.व. २०८०/८१ को मौद्रिक नीतिमा निजी क्षेत्रको सुझाव

कोभिडपछिको तिव्र विस्तारको प्रभावकारी व्यवस्थापन हुन नसक्दा अर्थतन्त्रमा वहुआयामिक प्रभाव परेको छ । बजारको न्युन मागका कारण आर्थिक गतिविधि सुस्ताएर राजस्वमा समेत नकारात्मक असर परेका कारण सरकारको दैनिक कार्य संचालन समेत प्रभावित हुने अवस्था आएको छ । वित्तिय क्षेत्रमा करिब चार खर्ब तरलता उपलब्ध हुँदा पनि कर्जाको ब्याजदर उच्च रहेका कारण कर्जा प्रवाहको वृद्धिदर चार प्रतिशत हाराहारी मात्रै छ । चालु आर्थिक वर्षमा मुलतः उद्योग, थोक व्यापार र निर्माण क्षेत्र संकुचित हुँदा अर्थतन्त्र २.१६ प्रतिशतले मात्र विस्तार हुने देखिएको छ । यो सरकारले अपेक्षा गरेभन्दा करिब ६ प्रतिशत र बिकास साझेदारहरुको प्रक्षेपणभन्दा पनि झण्डै दुइ प्रतिशत विन्दुले कम हो ।

निरन्तर ब्याजदर बढेका कारण धेरै बचतकर्ताहरुले बचत निक्षेपलाई मुद्दती (Fixed) निक्षेपमा परिवर्तन गरेकाले बजारमा तरलता उपलब्ध हुँदाहुँदै पनि कर्जाको ब्याजदर घट्न सकेको छैन ।

विगत दश बर्षको बैंकदर, नीतिगत दर, ब्याजदर र लगानीबीचको सम्बन्ध समेत हेर्दा अर्थतन्त्र चलायमान बनाउन केन्द्रिय बैंकको भूमिका महत्वपूर्ण छ ।

यससंगै केन्द्रिय बैंकको नीतिले बजारमा विश्वास बढाउने गरेको विगतको अनुभव देखिएकाले अर्थतन्त्रलाई मन्दीबाट बाहिर ल्याउन मौद्रिक नीतिले पहल गर्नुपर्छ ।

## कर्जाको ब्याजदर र निजी क्षेत्रमा कर्जा प्रवाह




माथि प्रस्तुत भएका अधिकांश बर्षहरुमा ब्याजदर कम हुँदा निजी क्षेत्रमा कर्जा प्रवाह बढि भएको देखिन्छ। उदाहरणका लागि २०७७/७८ मा ८.४६ प्रतिशत ब्याजदर रहंदा निजी क्षेत्रमा कर्जा प्रवाह २६.३३ प्रतिशतले बढेको छ भने चालु बर्ष ब्याजदर १२.६५ प्रतिशत हुंदा कर्जा प्रवाह ३.१ प्रतिशत मात्र बढेको छ।

## निजी क्षेत्रमा जाने कर्जा र आर्थिक वृद्धिको सम्बन्ध



निजी क्षेत्रमा कर्जा प्रवाह बढ्दा धेरैजसो समयमा आर्थिक वृद्धि पनि उच्च भएको छ । उदाहरणका लागि २०६४/६५ मा २४ प्रतिशत कर्जा प्रवाह हुँदा ६ प्रतिशत बढि वृद्धि हासिल भएको छ । २०७४ र २०७५ मा पनि कर्जा प्रवाह र आर्थिक वृद्धिको सकारात्मक सम्बन्ध देखिएको छ ।

कर्जाको ब्याजदर, निजी क्षेत्रमा प्रवाह भएको कर्जा र कुल आर्थिक वृद्धिबीचको सम्बन्ध हेर्दा लगानीका लागि कर्जाको ब्याजदर मुख्य कारक देखिएको छ । त्यसैले ब्याजदर घटाउनु अहिलेको सबैभन्दा मुख्य आवश्यकता हो ।

## अनिवार्य नगद अनुपात र कर्जाको ब्याजबीच सम्बन्ध:




| | 2070/7`1 | 2071/72 | 2072/73 | 2073/74 | 2074/75 | 2075/76 | 2076/77 | 2077/78 | 2078/79 | 2079/80 |
|---|---|---|---|---|---|---|---|---|---|---|
| CRR | 4.5 | 4.6 | 6 | 6 | 6 | 4 | 3 | 3 | 3 | 4 |
| Lending rate | 12.9 | 10.81 | 9.62 | 11.33 | 12.47 | 12.13 | 10.11 | 8.46 | 11.62 | 12.65 |

अनिवार्य नगद अनुपात कम हुंदा अधिकांश बर्षहरूमा कर्जाको ब्याज पनि भएको कम देखिन्छ । चार प्रतिशत भन्दा बढि नगद अनुपात हुंदा कर्जाको ब्याजदर १२ प्रतिशत भन्दा बढि रहेको देखिन्छ । आर्थिक वर्ष २०७७/७८ मा ३ प्रतिशत CRR हुंदा ब्याजदर ८.४६ प्रतिशत मात्र रहेको छ ।

## बैंक दर र कर्जाको ब्याज दरको सम्बन्ध




| | 2070/7`1 | 2071/72 | 2072/73 | 2073/74 | 2074/75 | 2075/76 | 2076/77 | 2077/78 | 2078/79 | 2079/80 |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Bank Rate | 8 | 8 | 7 | 7 | 7 | 6.5 | 5 | 5 | 7 | 8.5 |
| Lending rate | 12.9 | 10.81 | 9.62 | 11.33 | 12.47 | 12.13 | 10.11 | 8.46 | 11.62 | 12.65 |

अधिकांश समयमा बैंक दर उच्च हुंदा कर्जाको ब्याजदर समेत उच्च रहेको छ । उदाहरणका लागि २०७६/७७ र २०७७/७८ मा बैंक दर ५ प्रतिशत हुंदा कर्जाको ब्याजदर क्रमशः १० प्रतिशत र ८.४६ प्रतिशत छ ।

## बैंक दर र निजी क्षेत्रमा जाने कर्जाको दरको सम्बन्ध




| | 2072/73 | 2073/74 | 2074/75 | 2075/76 | 2076/77 | 2077/78 | 2078/79 | 2079/80 |
|---|---|---|---|---|---|---|---|---|
| Bank Rate | 7 | 7 | 7 | 6.5 | 5 | 5 | 7 | 8.5 |
| Private | 23.17 | 18.02 | 22.31 | 19.14 | 12.6 | 26.33 | 13.27 | 3.1 |

बैंक दर बढि हुंदा निजी क्षेत्रमा कर्जा प्रवाह कम भएको धेरै बर्षहरुमा देखिएको छ । आर्थिक वर्ष २०७९/८० बैंक दर ८.५ प्रतिशत हुंदा कर्जा प्रवाह ३.१० प्रतिशत छ भने, २०७७/७८ ५ प्रतिशत बैंकदर हुंदा २६.३३ कर्जा प्रवाह भएको छ ।

विगतको अनुभव हेर्दा ३ प्रतिशत निजी क्षेत्रमा कर्जा प्रवाह हुंदा १ प्रतिशत आर्थिक वृद्धि भएको छ । यस वर्ष ६ प्रतिशत आर्थिक वृद्धि हासिल गर्न झण्डै १८ प्रतिशत कर्जा निजी क्षेत्रमा विस्तार गर्नुपर्ने देखिन्छ । यसका लागि पनि ब्याजदर घटनु आवश्यक छ ।

## तरलता व्यवस्थापन एवं ब्याजदर स्थायित्व

- बाह्य क्षेत्र संतुलनमा ल्याउन तरलता संकुचन हुने गरी परिवर्तन गरिएका विशेष गरी अनिवार्य नगद अनुपात, बैंक दर र नीतिगत दर लगायत बजारको आवश्यकता अनुसार घटाउनु उपयुक्त हुन्छ ।

- जोखिमको आधारमा नेट लिक्युड एसेट्स व्यवस्थापन गर्नुपर्ने व्यवस्था हुनु उपयुक्त देखिन्छ । हाल २० प्रतिशत रहेको नेट लिक्युड एसेट्सलाई घटाई १५ प्रतिशत कायम गर्दा पनि जोखिम नबढ्ने र वासलका प्रावधान अनुसारमा पनि प्रतिकुल नदेखिने हुँदा ५ प्रतिशत विन्दुले घटाउनुपर्छ ।

- बचत निक्षेप र मुद्दती निक्षेप बीचको ब्याजदरको फरक पाँच प्रतिशत हुनुपर्ने व्यवस्था खारेज गर्नुपर्छ ।

- मुद्दति निक्षेपको समयावधि अनुसार ब्याजदर फरक हुन सक्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ । समयावधि अनुसार नै मुद्दति निक्षेपको ब्याजदर तोक्न सकिने गरि नीतिगत परिमार्जन गरिनुपर्छ ।

- उच्च ब्याजदर र कर्जा प्रवाह रोकिदा बजारको मनोबल लगायत श्रोतको अभावका कारण नेपाल राष्ट्र बैंकले तय गरेको Debt Equity Ratio पुरा गर्न कर्जाग्राहीहरुलाई निकै कठिन हुने र NPA

समेत बढ्दै जाने देखिएकोले DE Ratio लाई आमागी १ वर्षसम्मका लागि लचकता अपनाउंदै पुर्नविचार गर्नुपर्दछ ।

- बैंक तथा वित्तिय संस्थाले जारी गरेको ऋणपत्र २०८१ असारसम्म श्रोत र पूंजि दुवैमा गणना गर्न पाउनुपर्ने व्यवस्था हुनु पर्दछ ।

- आन्तरिक विप्रेषणको सीमा शुरुमा रु ३ लाख थियो । सो सीमालाई क्रमश घटाई रु १ लाख, रु ६० हजार र अन्तिममा रु २५ हजार कायम गरिएको थियो । हाल रेमिट्यान्स कम्पनीमार्फत आन्तरिक व्रिपेषण पठाउन नपाउने व्यवस्था रहेको छ । रेमिट्यान्स कम्पनीहरु मार्फत मुलुकभित्र आन्तरिक विप्रेषण प्रवाह रोकिएका कारण न्युन आय वर्ग, विद्यार्थी, अनौपचारिक क्षेत्रमा कार्यरत मजदुर, घर बाहिर काम गरिरहेका कामकाजी र दुर्गम क्षेत्रका बैंक खाता नभएका र स्मार्ट फोनसम्म पहुँच नभएका व्यक्तिहरु सबैभन्दा बढि प्रभावित छन । हालका गाउँपालिकाको एउटा वडा पहिलेको गाविस बराबर भएको र सबैमा बैंकको पहुँच नभएका कारण सर्वसाधारणलाई रकम पाउन/पठाउन निक्कै कठिन भैरहेको छ । यसबाट हजारौ आउटलेट वन्द भएका छन भने ठूलो रोजगारी गुमेको छ । त्यसैले, परिचयपत्र हेरी रेमिट्यान्स कम्पनी मार्फत विदेशबाट मनी ट्रान्सफर कम्पनी मार्फत नगद भुक्तानी गर्न पाउने रकम सरह कम्तीमा एक लाख रुपैयासम्म आन्तरिक रुपमा पाउने/पठाउने व्यवस्था गर्नुपर्दछ ।

- भारतसंग नेपालको वैदेशिक व्यापारको दुइ तिहाई व्यापार हिस्सा रहेको र स्थीर विनिमय दर समेत भएका कारण भारतको मौद्रिक नीतिलाई पनि नीतिगत सन्दर्भका रुपमा लिन सकिनेछ ।

- नेपाल सरकारले स्थानीय तहको कोषलाई असारसम्म ८० प्रतिशतसम्म निक्षेप गणना गर्न दिने व्यवस्था गरेको छ । सो व्यवस्थाको निरन्तरता हुनुपर्दछ ।

## निजी क्षेत्र प्रवर्द्धन योजना

मौद्रिक नीतिमा तरलता व्यवस्थापन र ब्याजदर स्थायित्वका लागि अवलम्बन गरिने नीतिगत परिवर्तनबाट बजारमा ब्याजदर कम भै लगानी विस्तार हुन समय लाग्नेछ । तर अधिकांश उद्योग व्यवसाय तत्कालिक सुधार योजना अवलम्बन गर्न नसकिएमा धरासायी हुने अवस्थामा पुगेकाले मौद्रिक नीतिले यसतर्फ विशेष ध्यान दिनु जरुरी छ ।

- उद्यमी व्यवसायीहरुले उत्पादन कटौती गरेका छन् र उत्पादित सामानको वस्तुहरुको समेत बजारमा निरन्तर माग कम हुदै गएको छ । राष्ट्र बैंककै पछिल्लो अध्ययनले उद्योगहरु ४३ प्रतिशत क्षमतामा चलिरहेका छन् । यसकारण कर्जाको पुर्नसंरचना एवं पुर्नतालिकीकरणको सुविधा दिइनुपर्छ । यसरी पुर्नसंरचना र पुर्नतालिकीकरण गर्दा प्रोभिजनिंग गर्नुपर्ने व्यवस्थामा लचकता अपनाउनुपर्छ ।

- प्राथमिकता प्राप्त क्षेत्र, उत्पादनमूलक, साना तथा मझौला उद्योग, निर्यातमूलक उद्योग, पर्यटन पूर्वाधार, केवलकार, महिला उद्यमीद्धारा संचालित व्यवसाय, मुद्रण तथा प्रकाशन उद्योग जस्ता क्षेत्रमा माग अनुसारको पूनरकर्जा सुविधा उपलब्ध हुने सूनिश्चितताको लागि आवश्यक कोषको व्यवस्था हुनुपर्दछ । यसरी उपलब्ध गराइने पुर्नकर्जाको निरन्तरताको सुनिश्चितता गरिनुपर्छ । गत बर्ष एकाएक पुर्नकर्जा रकम तानिंदा अर्थतन्त्रमा प्रतिकूल प्रभाव परेको हो ।

- परियोजनाको सम्भाव्यताको आधारमा परियोजना कर्जा उपलब्ध गराउनुपर्ने व्यवस्था हुनुपर्दछ । साना तथा मझौला उद्यमलाई यस्तो कर्जा उपलब्ध गराउन सकिने बारे नेपाल उद्योग वाणिज्य महासंघले सम्भाव्यता अध्ययन गरी केन्द्रिय बैंकमा पेश गरिसकेको छ । सो व्यवस्था कार्यान्वयन हुनुपर्दछ ।

- कर्जाको ब्याजमा अति न्यून प्रिमियम लिने व्यबस्था हुनु पर्दछ ।

- साना उद्यम व्यवसायलाई दिइने कर्जाको सीमालाई बढाई न्युनतम पांच करोड रुपैयासम्म पुऱ्याउनुपर्छ ।

- उत्पादनमूलक उद्योगलाई प्रोत्साहन दिन ब्याजदरमा विशेष सहुलियत हुने व्यवस्था कार्यान्वयन हुनुपर्दछ ।

- सेयर धितो कर्जामा लगाइएको रु १२ करोडको सीमा पुनरावलोकन गर्नु आवश्यक छ । ऋणीको क्षमता हेरी बैंकले लगानी गर्न सक्ने व्यवस्था गर्नुपर्दछ ।

- व्यापारिक प्रयोजनका सवारीसाधन, शेयर कर्जा, घरजग्गा लगायतमा लाग्दै आएको जोखिम भार १५० प्रतिशतलाई पुनरावलोकन गरी १०० प्रतिशतमात्र हुने व्यवस्था हुनुपर्दछ ।

- बैदेशिक रोजगारबाट फर्किएपछि पाउने हालको सहुलियतपूर्ण कर्जा सुविधालाई वैदेशिक रोजगारमा रहेकै बखत निजको आश्रित परिवारको सदस्यलाई दिने व्यवस्था हुनुपर्दछ ।

- वैदेशिक रोजगार बचतपत्र प्रभावकारी नभएको सन्दर्भमा निजी क्षेत्रद्धारा प्रवर्द्धित परियोजनामा लगानी गर्न पाउने व्यवस्था हुनु पर्छ ।

- विदेशबाट संस्थागत रुपमा वित्तिय संस्थाहरुले मात्र भित्राउन पाउने व्यवस्था भएकोमा अन्य व्यवसायीहरुले समेत कर्जा लिन पाउने (External Commercial Borrowing) व्यवस्था हुनु पर्दछ । साथै बैंक वित्तिय संस्था एवं निजी क्षेत्रले बाहिरको बैंक वित्तिय संस्थाबाट मात्रै लिन पाउने व्यवस्था पुनरावलोकन गरि अन्य वैधानिक स्रोतबाट रकम लिन पाउने व्यवस्था गर्नुपर्दछ ।

- नेपाल राष्ट्र बैंकले हाल लिएको लक्षित कर्जा (Directed lending) नीतिबाट अपेक्षित नतिजा प्राप्त हुन नसक्नुका साथै प्रभावकारीता समेत देखिएको छैन । हालको यस व्यवस्थालाई परिमार्जन गरी लक्षित कर्जा लगानीलाई सम्पूर्ण उत्पादनमूलक उद्योगहरुलाई प्राथमिकतामा राखी लगानी गर्ने व्यवस्था Indicative not directive हुनुपर्दछ । हालको यो व्यवस्थालाई परिमार्जन गरि साना, मझौला वा ठूला उद्योग लगायत सम्पूर्ण उत्पादनमूलक उद्योग, पर्यटन पूर्वाधार तथा अन्य प्राथमिकता प्राप्त क्षेत्रमा लगानी विस्तार तथा प्रवाह भए पुग्ने गरी परिमार्जन गर्न आवश्यक छ ।

- बैंक तथा वित्तिय संस्थाहरुको गैर व्यवसायिक सम्पत्ति बढ्दै गैरहेको सन्दर्भमा सम्पत्ति पुर्नसंरचना समेत गर्नुपर्ने आवश्यकतालाई विचार गरी Assets Restructuring Company को स्थापना तथा संचालन हुनुपर्दछ ।

- बण्डेड वयर हाउसको सुविधा पाएका निर्यात उद्योगहरुको लागि जारी गरिने बैंक प्रत्याभूतिमा रहेको १५० प्रतिशतको जोखिम भार घटाईनुपर्दछ ।

- उद्योग व्यवसाय समस्यामा रहेको हालको परिस्थितीलाई मध्यनजर गर्दै क्रेडिट रेटिङका आधारमा तोकिने जोखिम भार समेत घटाउनु

पर्दछ साथै यस किसिमका व्यवसायलाई ब्याजदरमा सहुलियत हुनुपर्दछ ।

- हालको विशेष परिस्थतीलाई विचारगरी Watch List को प्रावधानमा सहजीकरण गर्ने व्यवस्था हुनु पर्दछ ।

## चालु पूंजी कर्जा सम्बन्धमा

- चालु पूंजि कर्जा निर्देशिका जारी भैसकेपछि ऋणी तथा बैंकरमा समेत ठूलो सचेतना आईसकेको र व्यवसायको आवश्यकता र क्षमताका आधारमा कर्जाको समायोजन र निकासा हुने व्यवस्था क्रमशः कार्यान्वयन हुदै आईरहेकोले चालु पूंजी कर्जा सम्बन्धमा निम्न व्यवस्था समेत समेटिनु पर्दछ ।
- व्यवसायको कारोवार समय समयमा समयमा उताव चढाव हुन सक्दछ । व्यवसायको प्रकृति समेत फरक/फरक हुने भएकोले एउटै सीमा तोकिंदा व्यवहारिक कठिनाई हुने देखिन्छ ।

- नवीकरण हुने प्रकृतिका सम्पूर्ण चालु पूंजी कर्जा खाता आर्थिक वर्षको कुनै एक समयमा उद्योग/व्यवसायको प्रकृतिअनुसार कम्तीमा लगातार ७ दिन शुन्य वक्यौता कायम हुनुपर्ने व्यवस्था अव्यवहारिक भएकोले यसको खारेजी आवश्यक छ ।

- चालु पूँजी कर्जाका लागि दुइ फरक खाताको व्यवस्था गर्नुपर्ने हालको व्यवस्था अव्यवहारिक भएको हुँदा त्यसमा परिमार्जन आवश्यक छ ।

- बजारको मनोबल, उपभोक्ताको कय क्षमतामा आएको ह्रास लगायतका विषयहरुले उधारोमा बिक्री भएको उठ्न निकै समस्या

रहेकोले उधारोलाई NTA मा ९० दिनमात्र गणना गर्न दिने समयलाई व्यवसायको प्रकृतिहेरी पुनरविचार गर्नुपर्दछ ।

- चालुपूंजी कर्जा निर्देशिकामा हालको कर्जा सीमा र समय सीमामा सुधार गरी व्यवसायको प्रकृति र नगद चक्र अनुसार लेखा परिक्षकको सिफारिसमा चालु पूंजि कर्जाको सीमा बैंक तथा ग्राहकको सहमतिमा बढाउन सक्ने व्यवस्था हुनुपर्दछ ।

## प्रकृयागत सुधार तथा व्यवस्था

उल्लेखित नीतिगत सुधारसंग निजी क्षेत्र प्रवर्द्धन र उद्यमशीलता बिकासका लागि प्रक्रियागत सहजीकरण आवश्यक छ ।

- हालको ग्राहक पहिचान सम्बन्धी व्यवस्था बमोजिम एक भन्दा बढि संस्थामा संलग्न भएको व्यक्तिले संस्थापिच्छे पटक/पटक ग्राहक पहिचान (Know your Customer) फर्म विवरण भर्नु पर्ने व्यवस्था रहेको छ । हालको यो विद्यमान व्यवस्थालाई प्रविधिमा आधारित बनाई एक जना व्यक्तिले एक पटक भरे पुग्ने व्यवस्था हुनुपर्दछ ।

- व्यावसायीहरुको उधारो कारोबार नियमन गर्न एक विशेष ऐनको तर्जुमा हुनुपर्दछ ।

- ऋणीहरुको असल कर्जामा बैंक तथा वित्तिय संस्थाहरुले गर्ने १.३ प्रतिशतको कर्जा नोक्सानी व्यवस्थालाई हालको परिस्थितीलाई विचार गरी पुनः १ प्रतिशत कायम गरिनु पर्दछ ।

- निकासीमूलक उद्योगलाई सहुलियत दरमा कर्जाको व्यवस्था हुनु पर्ने साथै निकासीमा भुक्तानी गरिएको कर सहज रुपमा फिर्ता हुने व्यवस्था हुनु पर्दछ ।

- अहिलेको विषम परिस्थितीमा उद्योग व्यवसाय वन्द गर्नुपरेमा सांवा ब्याजको किस्ता तिर्ने प्रतिवद्धता भएका उद्योगहरु बन्द गर्न पाउने व्यवस्था गरी सहज कर्जा राफसाफ (Workout arrangement) को व्यवस्था गर्नुपर्दछ ।

- Blended Finance तथा हेजिङको व्यवस्था कार्यान्वयनको लागि नियमावली यथाशिघ्र तर्जुमा हुनु पर्दछ ।

- उत्पादनमुलक उद्योग तथा पूर्वाधारको क्षेत्रमा लगानी संकलन गर्न लामो समायावधिका ग्रिन बोण्ड, Foreign Currency Bonds, जस्ता उपकरणहरु राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा निष्काशन गरी विदेशी मुद्रा संकलन तथा परिचालन गर्न आवश्यक सहजीकरण तथा प्रोत्साहन गरिनुपर्दछ ।

- मुलुकको अर्थतन्त्र विषम परिस्थितीबाट गुज्रिरहेको अवस्थामा Counter cyclical buffer कार्यान्वयन गर्ने अवधि उपयुक्त नभएकोले १ वर्षका लागि स्थगन गर्नुपर्दछ ।

- बैक तथा वित्तिय संस्थाहरुले कर्जा प्रवाह, नविकरण तथा सेवा प्रवाहमा लिदै आएको शुल्कहरु घटाउने व्यवस्था हुनुपर्दछ ।

- भारतीय पर्यटक वा आगन्तुकले बैंक तथा वित्तिय संस्थामा सटही गर्ने गरी नगद ल्याउन पाउने व्यवस्थाका लागि आवश्यक पहल हुनुपर्दछ ।

- वैंकहरुबाट घर जग्गा कारोवारको लागि ऋण प्रवाह गर्दा काठमाण्डौ उपत्यका भित्र मूल्यांकनको ३० प्रतिशत र काठमाण्डौ उपत्यका वाहिर ४० प्रतिशत प्रदान गरिने व्यवस्था रहेकोमा मूल्यांकनको ५० प्रतिशत नै हुने व्यवस्था हुनु पर्दछ ।

- अन्तराष्ट्रिय पर्यटक तथा निर्यात व्यापारलाई समेत प्रवर्द्धन गर्न विद्युतिय भुक्तानी (International Online Gateway Payment System and borderless banking policy) तत्काल विकास हुनुपर्दछ ।

- बैंक तथा वित्तिय संस्थाबाट क्षेत्रगत रुपमा आवश्यक मात्रामा कर्जा प्रवाह हुनु पर्दछ । हाल बैंक तथा वित्तिय संस्थाहरुले प्रवाह गरेको कर्जा आवश्यकता वा अपेक्षा अनुरुप भए/नभएको समय समयमा मूल्याङ्कन तथा अनुगमन गर्नु जरुरी रहेको छ । यसका लागि निश्चित अवधिमा क्षेत्रगत रुपमा Bank Lending Survey हुनु पर्दछ ।

- सम्वन्धित वैक तथा ऋणी बीच हुने करारनामा दुवै पक्षबाट अक्षरशः पालन हुनु पर्ने व्यवस्था गरिनु पर्दछ र कुनै एक पक्षको जानकारी तथा सहमति वेगर अर्को पक्षले एक तर्फी ढंगले संशोधन गर्न नहुने व्यवस्था प्रभावकारी ढंगले लागू गरिनु पर्दछ ।

- विदेशी बिक्रेताले नेपाली उद्योगलाई उधारोमा औद्योगिक कच्चा पदार्थ, औद्योगिक उपकरण तथा मेशिनरी पैठारीमा विदेशी उत्पादनकर्ताले उपलब्ध गराउने ऋण (Usance LC, Deferred Credit) को कारण स्वदेशी उद्यमी व्यवासायीको साथसाथै विदेशी मुद्रा भुक्तानीमा समेत सहज भै रहेको छ । यस किसिमको पैठारीको भुक्तानीमा समय सीमा लाई खारेज गर्नु उपयुक्त देखिन्छ । यस व्यवस्थाले तत्काल भुक्तानी गर्नुपर्ने विदेशी मुद्राको चाप कम गर्ने र समस्यामा रहेका उद्योगहरुको तोकिएको भुक्तानी गर्नुपर्ने समय थप भई सहजता हुनेछ ।

- प्रत्यक्ष वैदेशिक लगानी, भेन्चर क्यापीटल जस्ता वैकल्पिक लगानीका माध्यमहरुलाई प्रोत्साहन गरिनु पर्दछ । यस्ता

लगानीलाई एकै नियामक निकायहरुले नियमन गर्ने व्यवस्था हुनुपर्दछ ।

- उद्योगहरुको निर्माणको समावधि (Construction Period) मा ब्याज खर्च तत्काल भुक्तानी गर्न व्यवसायलाई कठिनाई हुने भएकोले उद्योगको व्यवसायिक कारोवार नभएसम्मका लागि बैंक तथा वित्तिय संस्थाको सहमतिमा ब्याज पूंजीकरण गर्न पाउने व्यवस्था गरिनुपर्दछ ।
- फर्मको प्रोप्राईटर, साझेदार वा निजको एकाघर परिवारका सदस्यको नाममा भएको सम्पत्ति धितो राखी कर्जा लिंदा २० प्रतिशत थप कर्जा नोक्सानीको व्यवस्था गर्नुपर्ने हालको व्यवस्थालाई खारेज गरिनु पर्दछ ।
- सहवित्तियकरणमा जारी हुने कर्जाको नविकरणमा अन्तिममा नविकरण गर्नुपर्ने वित्तिय संस्थाको नविकरण हुने समयलाई मान्यता दिने गरी स्पष्ट व्यवस्था कायम गरिनुपर्दछ ।
- स्वदेशी उद्योगहरुलाई प्रतिस्पर्धी बनाउँदै अर्थतन्त्र विस्तार गर्न स्वदेशी वस्तु तथा सेवा निर्यात गर्ने उद्योगलाई निर्यातबाट आर्जित रकमको कम्तिमा १० प्रतिशत रकम विदेशमा शाखा स्थापना तथा व्यापार विस्तारमा खर्च गर्न पाउने व्यवस्था हुनु पर्दछ ।
- बैंक तथा वित्तिय संस्थाको संस्थापक शेयर ५१ प्रतिशत बाट ४१ प्रतिशत सम्म ल्याउन सक्ने व्यवस्था हुनु पर्दछ ।
- कर्जा प्रवाहमा शेयर स्वामित्वको अनुपातमा मात्र व्यक्तिगत जमानी लिने व्यवस्थालाइ सवै वैकिग क्षेत्रबाट अनिवार्य रुपमा पालना गर्नुपर्ने व्यवस्था हुनुपर्दछ ।

- भारतिय बैंक तथा संस्थागत लगानीकर्ताहरुको संस्थागत निक्षेप नेपाली बैंकमा जम्मा गर्न पाउने व्यवस्थाका लागि कुटनीतिक पहल हुनुपर्दछ । साथै नेपाल भारतबीच अन्तरदेशिय डिजिटल भुक्तानी प्रणाली संचालनमा ल्याउने समझदारी यथाशिघ्र कार्यान्वयन हुनुपर्दछ ।
- आन्तरिक नगद ओसार पसारमा प्रहरी हस्तक्षेप हुनुहुँदैन ।
- अनौपचारिक क्षेत्रको पूंजि परिचालन गर्न हालको नगद सीमाको पुनरावलोकन हुनुपर्दछ ।
- भारतबाट पैठारी हुने वस्तुहरुमा १० प्रतिशत मार्जिन राख्नुपर्ने व्यवस्थाको खारेजी हुनुपर्दछ ।

*****

नेपाल उद्योग वाणिज्य महासंघ
https://fncci.org

नेपाल उद्योग परिसंघ
https://cni.org.np

नेपाल चेम्बर अफ कमर्स
https://ncc.org.np